प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तह तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाको वैकल्पिक सूचीमा रहेका उमेद्वारहरुको थप शिक्षण संस्थामा सिफारिस सम्बन्धी

## अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०७९/०७/०५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७९/०५/२२ को प्रमाणपत्र/डिप्लोमा तहमा स्तरोन्नती र शिक्षालय तथा कार्यक्रम थप स्वीकृत भएका संस्था तथा मिति २०७९/०६/२५ को कोटा थप भएका शिक्षण संस्थाहरुका लागि Alternative/Cutoff/Pass list बाट विद्यार्थी छनौट सम्बन्धी सूचना अनुसार मिति २०७९/०४/१२ र मिति २०७९/०५/०८ गते शैक्षिक सत्र २०७९/१० का लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति छनौटका लागि तोकिएको मिति र समय भित्र अनलाइन फाराम भरी मिति २०७९/०५/१८ गतेको प्रवेश परीक्षामा सम्मिलित योग्य आवेदकहरु मध्येबाट डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०७९ तथा उल्लेखित सूचना अनुसार प्रवेश परीक्षाको प्राप्तांकको योग्यताक्रमका आधारमा प्रशिक्षार्थीहरु सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ। वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएका प्रशिक्षार्थीहरुले मिति २०७९/०७/२० गतेसम्म कार्यालय समय भित्र अनिवार्य रुपमा आफ्नो शैक्षिक योग्यता, नागरिकता, आफू वर्गीकृत छात्रवृत्तिको जुन समुहमा छनौट भएको हो सो को सक्कल प्रमाणपत्रहरु तथा प्रवेश पत्र सहित भर्ना भई सक्नु पर्नेछ। सम्बन्धित शिक्षण संस्थाहरुले समेत यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका बमोजिम प्रशिक्षार्थीहरु भर्ना गर्न गराउनु हुन र तोकिएको मिति र समय भित्र भर्ना हुन नआई रिक्त रहेको कोटा, भर्ना हुन नआएको प्रशिक्षार्थीको नाम, सिम्बोल नं., वर्गीकृत छात्रवृत्तिको समुह समेत उल्लेख गरी भर्ना म्याद सकिएको ३ (तीन) दिन भित्र यस कार्यालयको इमेल ठेगाना exam@ctevtbagmati.org.np मा र सो को बोधार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय (oce.ctevt@gmail.com) मा पठाउनुहुन अनुरोध छ।

**निर्देशक**